नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
जाजरकोट

फोन नं. : ०८९-४३०१३३
०८९-४३०१३०
Email : jajarkotdao62@gmail.co

प.सं. :२०७५/७६ (स्थानीय प्रशासन तथा शा.सु.शाखा)
च.नं. :

मिति: २०७५।१२।०१

अवैध हातहतियार र खरखजाना बुझाउने सम्बन्धी नेपाल सरकार (म.प.)को मिति २०७५।११।२८ को देहायको निर्णय कार्यान्वयन गर्न गराउनको लागि सबैमा अनुरोध छ।

२०७५।१२।१

...त कुमार बस्नेत
प्रमुख जिल्ला अधिकारी

**अवैध हातहतियार र खरखजाना बुझाउने सम्बन्धी अत्यन्त जरुरी सूचना**

**सूचना प्रकाशित मिति २०७५।१२।०१**

कानून बमोजिम लिनुपर्ने इजाजत नलिई वा इजाजत पत्र नविकरण नगराई वा इजाजत प्राप्त व्यक्तिको मृत्यु पश्चात हकवालाको नाममा नामसारी नगराई वा अन्य जुनसुकै तरिकाले नेपाल राज्यभित्र कोही कसैले हातहतियार र खरखजाना राखेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालय वा नेपाली सेनाको ब्यारेकमा अनिवार्य रुपमा बुझाउनु हुन नेपाल सरकार (म.प.) को मिति २०७५।११।२८ को निर्णय अनुसार यो सूचना प्रकाशित गरिएको छ । यसरी हातहतियार र खरखजाना बुझाउन ल्याएमा यस अघि ती अवैध हातहतियार र खरखजाना राखेको कारणले मात्र त्यस्ता व्यक्तिलाई कुनै कानूनी कारवाही नचलाइने हुँदा तोकिएको समयभित्र अवैध हातहतियार तथा खरखजाना अनिवार्य रुपमा बुझाउनुहुन सम्वन्धित सबैमा जानकारी गराइन्छ । यदि इजाजत प्राप्त नगरी आफूसँग रहेका हातहतियार खरखजाना तोकिएको अवधिभित्र स्वेच्छाले नबुझाएमा त्यस्ता व्यक्ति उपर प्रचलित कानून बमोजिम कारवाही हुने व्यहोरा समेत सूचित गरिन्छ।